Notice No. (NSTB/NVQS Regular) -11

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)

**राष्ट्रिय सीप परीक्षण समिति (NSTB)**

मध्यपुर थिमी २, सानोठिमी, भक्तपुर

# सीप परीक्षण आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२।०४।२१**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार NSTB/NVQS नियमित तर्फ सहुलियत शुल्कमा संचालन हुने पूर्व सिकाईको मान्यतामा आधारित सीप परीक्षणमा सहभागी हुन चाहने व्यावसायिक अनुभव भएका एवं स्वरोजगार वा वैदेशिक रोजगारीबाट फर्केका अनुभवी नेपाली नागरिकहरुबाट तपसिल वमोजिमका आफूलाई पायक पर्ने सीप परीक्षण केन्द्रमा उपस्थित भई आवेदन फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क) आवेदन फाराम संकलन तथा सीप परीक्षण केन्द्र, परीक्षण हुने व्यावसाय र तह:**

| क्र.सं. | व्यावसाय | तह | व्यावसाय | तह |
|---|---|---|---|---|
| **कोशी प्रदेश** | | | | |
| १ | **परिषद् प्रदेश कार्यालय, इटहरी, सुनसरी । फोनः०२५-५८६७४०, ५८७०१९, ९८५२०५५०१९** | | | |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | टेलर | १ |
| | रेफ एण्ड एसी मेकानिक | १, २ | मोटरसाईकल सर्भिस मेकानिक/ मेकानिक | १, २ |
| | कम्प्युटर अपरेटर | २ | ब्रिकलेयर मेशन | १, २ |
| | बरिष्ता | १ | बेकर | १ |
| | टायल मार्वल फिक्सर | १ | इण्डष्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| **मधेश प्रदेश** | | | | |
| २ | **परिषद् प्रदेश कार्यालय, सिद्धार्थनगर, जनकपुरधाम, धनुषा । फोनः९८५४०२४०२२, ९८५४०२११८३** | | | |
| | टेलर | १ | मोटरसाईकल सर्भिस मेकानिक | १ |
| ३ | ***लहान प्राविधिक शिक्षालय, लहान, सिरहा । फोनः ०३३-५६३६१५, ९८५२८३२११५** | | | |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | कृषि जे.टि.ए. | २ |
| | ब्रिकलेयर मेशन | १, २ | पशुपालन जे.टि.ए. | २ |
| | आर्क वेल्डर र वेल्डर | १, २ | | |
| ४ | **वि. पी. मेमोरियल बहुप्राविधिक शिक्षालय, सपही, जनकपुर । फोनः ९८५४०२९७३२** | | | |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | पशुपालन जे.टि.ए. | २ |
| | कृषि जे.टि.ए. | २ | बेमौसमी तरकारी उत्पादक | १ |
| | ब्रिकलेयर मेशन | १, २ | पोल्ट्री टेक्निसियन | १, २ |
| **बागमती प्रदेश** | | | | |
| ५ | **परिषद् प्रदेश कार्यालय, हेटौडा, मकवानपुर । फोनः०५७-५२४९९१, ५२२१६९, ९८५५०३४९९१** | | | |
| | गार्मेन्ट फेब्रिकेटर | १ | इण्डष्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | नेपाली कुजिन कुक | १ |
| | वेटर | १, २ | कमि III र II | १, २ |
| | टेलर | १ | बरिष्ता | १ |
| | बारबर | १ | अर्लि चाइल्डहुड डेभ्लप्मेन्ट फेसिलिटेटर | १ |
| ६ | ***नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेपलाञ्चोक, फोनः ०११-६६०८६७, ६६४२९०, ९८५१२१२६२५** | | | |
| | फ्रन्ट अफिस असिस्टेन्ट | १ | वेटर | १, २ |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | ब्रिकलेयर मेसन | १, २ |
| | कमि III र II | १, २ | | |
| ७ | **पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रेपलाञ्चोक । फोनः ०११-४४०२५०, ९८५१२१४२५०** | | | |
| | लाईट भेहिकल मेकानिक | १, २ | मोटरसाईकल सर्भिस मेकानिक/ मेकानिक | १, २ |
| **गण्डकी प्रेदश** | | | | |
| ८ | **परिषद् प्रदेश कार्यालय, पोखरा, कास्की । फोनः०६१-५८२२८३, ५८२२७१, ९८५६०३२२८३** | | | |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ |
| | टेलर | १ | ब्रिक्लेयर मेसन | १, २ |
| | बी किपर | १ | लाइट भेहिकल मेकानिक | १, २ |

| | | | | |
|---|---|---|---|---|
| | प्लम्बर | १, २ | अर्लि चाइल्डहुड डेभ्लप्मेन्ट फेसिलिटेटर | १ |
| ९ | **पोखरा प्राविधिक शिक्षालय, फूलवारी, पोखरा, कास्की । फोनः ०६१-५७८०४०- ५७२०४०, ९८५६०३५५२८** | | | |
| | बेकर | १ | वेटर | १, २ |
| | हाउस किपिङ क्लिनर | १ | नेपाली कुजिन कुक | १ |
| | कमि III र II | १, २ | बरिष्ता | १ |
| लुम्बिनी प्रदेश | | | | |
| १० | **परिषद् प्रदेश कार्यालय, राप्ती उपत्यका (देउखुरी), दाङ । फोनः ०८२-४२००७७, ९८५७०४४०१८** | | | |
| | ग्रामिण पशु स्वास्थ्य सहायक | १ | ब्रिक लेयर मेशन | १, २ |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | पोल्ट्री टेक्निसियन | १ |
| | थारु ह्याण्डीक्राफ्ट मेकर | १ | प्लम्बर | १ |
| | अफसिजन भेजिटेवल प्रोड्युसर | १ | टायल मार्वल फिक्सर | १ |
| | टेलर | १ | बारबर | १ |
| ११ | ***कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही । फोनः ९८५७०८८३०६** | | | |
| | लाईट भेहिकल मेकानिक | २ | इण्डष्ट्रियल इलेक्ट्रिसियन | २ |
| | वेल्डर | २ | रेफ एण्ड एसी मेकानिक | २ |
| १२ | ***भेरी प्राविधिक शिक्षालय, नेपालगंज, बांके । फोनः ०८१-५२१५३८, ५३३६५१, ९८५८०२०८३८** | | | |
| | रेफ एण्ड एसी मेकानिक | १, २ | वेल्डर | १, २ |
| | मोटरसाईकल सर्भिस मेकानिक/ मेकानिक | १, २ | विल्डिङ इलेक्ट्रिसियन | १, २ |
| | लाईट भेहिकल सर्भिस मेकानिक/ मेकानिक | १, २ | इण्डष्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| | कम्प्युटर हार्डवेयर टेक्निसियन | १ | ब्रिक लेयर मेशन | १, २ |
| | कम्प्युटर अपरेटर | २ | लेथ सेटर अपरेटर | १, २ |
| कर्णाली प्रदेश | | | | |
| १३ | **परिषद् प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेत । फोनः ०८३-५२१८८५, ५२३०२०, ९८५८०८८८२२** | | | |
| | विल्डिङ इलेक्ट्रिसियन | १ | टेलर | १, २ |
| | ब्रिक लेयर मेशन | १ | कम्प्युटर अपरेटर | २ |
| | बारबर | १ | प्लम्बर | १ |
| | बिल्डिङ पेन्टर | १ | | |
| सुदूर पश्चिम प्रदेश | | | | |
| १४ | **परिषद् प्रदेश कार्यालय, हसनपुर, धनगढी, कैलाली । फोनः ०९१-४१२१८८, ४१२१४२, ९८५८४८८०४७,** | | | |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | टेलर | १ |
| | कम्प्युटर अपरेटर | २ | थारु ह्याण्डीक्राफ्ट मेकर | १ |
| | ह्याण्ड इम्ब्रोइडरर | १ | | |
| १५ | ***टिकापुर बहुप्राविधिक शिक्षालय, टिकापुर, कैलाली । फोनः ०९१-५६१५१३, ९८५८४२३३२८** | | | |
| | पशुपालन जे.टि.ए. | २ | ब्रिकलेयर मेसन | १, २ |
| | कृषि जे.टि.ए. | २ | बिल्डिङ पेन्टर | १, २ |
| काठमाण्डौं केन्द्र | | | | |
| १६ | ***बालाजु स्कूल अफ इन्जिनियरीङ एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौं । फोनः ०१-४३५०२१३, ४३५०२२८, ९८५१३४५७९७** | | | |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | इण्डष्ट्रियल इलेक्ट्रिसियन | १, २ |
| | स्टक्चरल फेब्रिकेटर | २ | आर्क वेल्डर र वेल्डर | १, २ |
| | ब्रिकलेयर मेशन | १, २ | रेफ एण्ड एसी मेकानिक | १, २ |
| | सेल/मोबाइल फोन रिपेयर टेक्निसियन | २ | विल्डिङ पेन्टर | १, २ |
| | लेथ सेटर अपरेटर | १, २ | टायल मार्वल फिक्सर | १ |
| | प्लम्बर | १, २ | | |
| १७ | **शंखरापुर बहुप्राविधिक शिक्षालय, साँखु, काठमाण्डौं । ०१-४४५०९५२, ९८५१२४००९३** | | | |
| | ब्रिक लेयर मेसन | १, २ | विल्डिङ इलेक्ट्रिसियन | १ |
| | प्लम्बर | १, २ | कन्स्ट्रक्सन ल्याव टेक्निसियन | २ |
| | मोटरसाइकल सर्भिस/मेकानिक | १, २ | लाइट भेहिकल मेकानिक | २ |
| १८ | **गणेशमान सिहं स्मृति बहुप्राबिधिक शिक्षालय, चन्द्रागिरी, काठमार्डौं । फोनः ९८५१३३९३२९** | | | |
| | बारबर | १ | बेमौसमी तरकारी उत्पादक | १ |
| | च्याउ उत्पादक | १ | नर्सरी सहायक | १ |
| | गार्डेनर | १ | ग्रामीण पशु स्वास्थ्य सहायक | १ |

| | | | | |
|---|---|---|---|---|
| १९ | राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुर ।<br>फोन नं. ०१-६६३८१५३, ६६३५६९९, मोवाईलः ९८५११६३९६४, ९८५११२७०८० | | | |
| | विल्डिङ इलेक्ट्रिसियन | १, २ | असिस्टेन्ट ब्युटिसियन र ब्युटिसियन | १, २ |
| | इण्डष्ट्रियल इलेक्ट्रिसियन | २ | बारबर | १ |
| | उड कार्भर | १, २ | केयर गिभर | १ |
| | विल्डिङ पेन्टर | २ | बेम्बो ह्याण्डिक्र्याफ्ट मेकर | १ |
| | थाङ्का आर्टिस्ट | १ | बेम्बो फर्निचर  मेकर कम आर्टिसान | २ |
| | टेलर | १, २ | बारिष्ता | १ |
| | अफसेट प्रेश अपरेटर | १ | गार्मेन्ट फेब्रिकेटर | १, २ |
| | अर्लि चाइल्डहुड डेभ्लप्मेन्ट फेसिलिटेटर | १ | योगार्थी | २ |
| | होम स्टे अपरेटर | २ | | |

**ख) आवेदनको लागि न्यूनतम योग्यताः**

| | |
|---|---|
| तह १ का लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भै सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको,<br>वा<br>सम्बन्धित व्यवसायको तालिम सहित ६ महिनाको कार्य अनुभव भएको, |
| तह २ का लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भै सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको,<br>वा<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भै सम्बन्धित व्यवसायमा १ वर्षको कार्य अनुभव भएको, |

**ग) सीप परीक्षण शुल्कः**

| तह | नियमित शुल्क रू | सहुलियत शुल्क रू<br>(महिला, दलित, जनजाति र अपाङ्ग) |
|---|---|---|
| १ | ५००.०० | ४००.०० |
| २ | १२००.०० | ७००.०० |

**घ) सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नुपर्ने शर्तहरूः**

१. यो सूचना तथा आवेदन फाराम राष्ट्रिय सीप परीक्षण समिति (NSTB) को वेव साइट www.nstb.org.np बाट डाउनलोड गरेर वा तोकिएको केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२।०५।१० गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट बुझाउन सकिनेछ ।

३. आवेदन फारामको साथ पासपोर्ट साईजको हालसालै खिचिएको एकै किसिमका फोटा २ प्रति, नागरिकता प्रमाणपत्र र तालिम वा अनुभवको प्रमाण पत्र (सम्बन्धनप्राप्त पेशा/व्यावसायमा, CTEVT का आंगिक, साझेदार वा सम्बन्धनप्राप्त शिक्षण संस्थाबाट जारी भएका प्रमाणपत्र अथवा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागले प्रदान गरेका कम्तीमा १ वर्ष पहिलाको प्रमाण पत्रको प्रतिलिपि मात्र) र अनुभवको हकमा,नेपाल सरकारका सरकारी वा अर्धसरकारी संस्था वा नेपाल सरकारमा दर्ता भै VAT वा PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा/व्यवसायमा काम गरेको/गरिरहेको अवधिसहित स्पष्ट खुलाईएको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ । आवेदकको १६ वर्ष उमेरपछिको अनुभव मात्र मान्य हुनेछ ।

४. सहुलियत वर्गमा महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ति तथा नेपाल सरकारबाट तोकिएका वर्ग पर्दछन् । महिलाबाहेक अन्य वर्गको हकमा सम्बन्धित निकायबाट प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

५. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशा/व्यावसायमा विदेशमा गरेको कामको अनुभव पत्र (अंग्रेजी बाहेक अन्य भाषा भएमा अंग्रेजीमा अनुवाद गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

६. सीप परीक्षणका लागि आवश्यक पर्ने कागजातहरु अपुग रहेको तथा तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरु स्वतः रद्द हुनेछन् ।

७. कुनै पेशा/व्यावसायमा स्वीकृत आवेदन फाराम संख्या तीन भन्दा कम भएमा सो व्यवसायको सीप परीक्षण संचालन गरिने छैन ।

८. आवेदकहरूलाई सीप परीक्षणको मिति, समय र स्थानको  जानकारी SMS बाट गराइनेछ । सीप परीक्षण आवेदन फाराम भरेकै केन्द्रबाट आवेदक स्वयं उपस्थित भई सीप परीक्षणको अघिल्लो दिनभित्र प्रवेशपत्र प्राप्त गर्न सक्नेछन् । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ।

९. परीक्षार्थीहरुले सीप परीक्षणका बेला सम्बन्धित पेशा/ व्यवसायमा आवश्यक पर्ने हाते औजारहरु आफैले ल्याउनु पर्नेछ । ब्युटिसियन, कपाल कटाइ, योगार्थी, बाँसका हस्तकला पेशाको सीप परीक्षणमा आवश्यक पर्ने परीक्षण सामग्री तथा मोडल परीक्षार्थीले आफैले ल्याउनु पर्नेछ । परीक्षार्थीहरूले सीप परीक्षण अवधिमा व्यक्तिगत स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१०. यसभन्दा अगाडि सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरुले पहिले सीप परीक्षणमा सहभागी हुँदाको **रजिष्ट्रेशन नं.** अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ र आवेदन फाराममा भएको **पुनःपरीक्षण** भन्ने कोठामा चिन्ह लगाउनु पर्नेछ ।

११. सम्बन्धित व्यवसायमा तह १ उत्तीर्ण भएका आवेदकले तह २ मा आवेदन दिंदा अनिवार्य रुपमा आफूले प्राप्त गरेको सीप प्रमाण पत्रको साथै कार्य अनुभवको पत्र पेश गर्नुपर्नेछ । आवेदकले एक पटकमा कुनै **एक तह वा पेशा**मा मात्र आवेदन दिन पाउनेछ ।

१२. सीप परीक्षण आवेदन फाराम संकलन केन्द्रले आवेदन संकलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (फारम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकोले)** उक्त अवधि भित्र अनलाइन फाराम प्रविष्टि (Entry) गरी राष्ट्रिय सीप परीक्षण समितिबाट अन्तिम रुजु भई सकेपछि प्रविष्टि (Entry) वापत प्रति फारम रु. ७०।- का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन फाराममध्ये सहुलियत शुल्क र नियमित शुल्क अनुसार भरेका फाराम संख्या स्पष्ट खुलाई राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुरको नाममा रहेको रा.बा.बैकको खाता नं. १७३०१००००१८३००१ मा रकम जम्मा गर्ने र भौचरको स्क्यान कपि अपलोड गरी सक्कल भौचर यस समितिमा पठाउनु पर्नेछ ।

१३. यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रदेश अन्तर्गत प्रमाणिकृत वा तोकिएका सीप परीक्षण केन्द्रहरुमा सञ्चालन हुनेछ ।

१४. सीप परीक्षण उत्तीर्ण परीक्षार्थीले रु १५०।- बुझाइ सीप प्रमाणपत्र र सीप परिचय पत्र प्राप्त गर्न सक्नेछन् ।

थप जानकारीका लागि फोन नं. ०१६६३८१५३, ६६३५१९५ मोवाईल नं. ९८५११२७०८० र ९८५११६३९६४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**निर्देशक**